का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १३
- २८ माघ २०७६, मंगलबार
- 11 February 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# आशीर्वाद लिएर फर्कंदा बज्रपात !

**पूर्वसचिव अर्जुन कार्कीकी पत्नी मुना कार्कीको हत्या भएको छ । उनको हत्या घरमा राखिएका कामदार बिजय चौधरी संलग्न भएको प्रहरीको प्रारम्भिक अनुमान छ । चौधरीले पनि आत्महत्या गरेका छन् ।**

**केशर धामी/मध्यान्ह**
काठमाडौं, २७ माघ

ललितपुर महानगरपालिका-२ सानेपाका अर्जुन कार्की सोमबार बिहानै पशुपतिनाथको दर्शन गर्न गए । आठ बजेतिर छोरालाई स्कूल पुऱ्याउँदै उनी पशुपतिनाथको आर्शिवाद गर्न त्यसतर्फ लागे । श्रीमती मुना र कामदार २२ वर्षीय विजय चौधरी घरमै थिए । नेपाल सरकारका पूर्वसचिवसमेत रहेका कार्की मन्दिरबाट फर्किंदा ११ बजेर २० मिनेट भइसकेको थियो । निधारमा टीका र माला लगाएर फर्किएका कार्की जब घर पुगे अनि श्रीमतीलाई बोलाए ।

बोलाउँदा कुकुर जोरले भुक्न थाल्यो । कार्की जब घरभित्र पसे, उनले 'डायनिङ' टेबुलको छेउमै झुन्डिरहेको अवस्थामा विजयलाई देखे । उनी आत्तिए र मुनाको खोजी गर्न थाले । खोज्दै जाँदा भान्सामा बेहोस अवस्थामा लडिरहेको देखें ।

त्यसपछि उनले प्रहरीलाई खबर गरे । केही समयमै प्रहरी कार्की निवास पुग्यो । सबैले श्रीमती मुनाको ज्यान गइसकेको बताएपछि उनी आत्तिएँ । र रुन थालें । एक घण्टापछि एकजना चिकित्सकले



ज्यान तातो छ भनेपछि अस्पताल लगियो । तर उनले संसार छाडिन् । छोरा नयाँ बानेश्वरको स्कुलमा पढ्थे । एउटी छोरी वेलायत र अर्की छोरी अष्ट्रेलिया पढ्दैछिन् । सुन्दर परिवार, राम्रो घरबार थियो तर आज बिहान उजाडियो ।

पतिपत्नीबीच राम्रो मेलमिलाप थियो । परिवार एकदमै सभ्य थियो । छिमेकीहरूसँग पनि राम्रो सम्बन्ध थियो । तर, कार्कीको परिवारमाथि नै बज्रपात भयो ।

पशुपतिनाथको आर्शीवाद तथा प्रसाद लिएर घरमा पुगेका कार्कीले न श्रीमतीलाई आर्शीवाद दिन पाए न त बचाउन सके । पत्नीवियोगमा रहेका कार्कीलाई भेट्न सयौं आफन्त घरमा पुगेका छन् । 'भगवान् रहेनछन् । भगवान् भएको भए त यस्तो वज्रपात किन हुन्थ्यो । मेरो सारा संसार उजाडियो । जसलाई छोराजस्तै मानेर पालें उसैले यतिसम्म किन गऱ्यो ?' पत्नी वियोगमा रहेका कार्कीले भक्कानिन्दै भने ।

मुनाको शरीरमा रगत देखिएको र टाउको चोट लागेको महानगरीय प्रहरी परिसर ललितपुरका एसएसपी टेक राई बताउँछन् । विजयले नै घरमा कोही नभएको मौकामा मुनाको हत्या गरी आफूले पनि आत्महत्या गरेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । तर, अहिले नै घटनाबारे निष्कर्षमा पुग्न नसकिने एसएसपी राईको भनाइ छ ।

कार्कीको घरमा चारवटा सीसीटीभी जडान छन् । परिसर ललितपुर र महानगरीय अपराध महाशाखाको टोलीले घटनास्थललगायत सीसीटीभीको फुटेजको अनुसन्धान थालेको छ । सीसीटीभी फुटेजमा बिहान १० बजेर ८ मिनेटसम्म विजय काममै रहेको देखिएको छ । भान्सामा केलाएको तरकारी राखिएको पनि पाइएको छ । तर हत्यापछि आत्महत्या किन गरे भन्ने खुलेको छैन ।

चौधरीले श्रीमती कार्कीलाई भान्सामा रहेको पिर्का प्रहार गरेर हत्या गरेको र तत्पश्चात उसले पनि झुण्डिएर आत्महत्या गरे हुनसक्ने प्रहरीले अनुमान गरेको छ । तर, के कारणले कामदारले श्रीमती कार्कीको हत्या गरेका हुन् भन्ने बारेमा खुल्न सकेको छैन । फुटेजमा चौधरीले महिलालाई घाँटीमा समातेर बाँकी पृष्ठ २ मा

# महाधिवेशनको चटारोमा दलहरु
## दुबै मधेशी दल अनिर्णित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

चार वटै शीर्ष पार्टी महाधिवेशनको झमेलामा परेका छन् । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टी, नेपालको एकता महाधिवेशन अल्झिएको हो । यी चार वटै पार्टीले विभिन्न दलसँग एकीकरण गरेको हो । नेकपा र कांग्रेसले महाधिवेशनको मिति तय गरिसकेका छन् । तर, राजपा र समाजवादीको महाधिवेशन पटक-पटक सर्दै गएको छ ।

सत्तारुढ नेकपा तत्कालीन एमाले र माओवादीबीच एकीकरण भई गठन भएको हो । २०७५ जेठ ३ गते पार्टी एकता हुँदा दुई वर्षभित्र महाधिवेशन गर्ने निर्णय भएको थियो । पार्टीको १५ देखि १९ माघसम्म बसेको केन्द्रीय समितिको बैठकको निर्णयअनुसार नेकपाले चैतको अन्तिम साता महाधिवेशन गर्ने गरी कार्ययोजना बनाएको छ । नेकपा केन्द्रीय समितिको निर्णयअनुसार तलदेखि माथिसम्म अधिवेशन-महाधिवेशनको कार्ययोजना छ । कार्ययोजना अनुसार ०७७ भदौदेखि मंसिरसम्म



सबै स्थानीय र प्रदेश तहको अधिवेशन गरिसक्ने निर्णय नेकपाले गरेको छ ।

यसैगरी, विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमसँग एकीकरण गरेको कांग्रेसको एकता महाधिवेशन पनि तय भएको छ । पार्टीभित्र वरिष्ठ नेता रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाको असन्तुष्टिका बाबजुद महाधिवेशनको मिति तय भएको थियो । २०७४ असोज २९ गते कांग्रेस र गच्छदार नेतृत्वको फोरमबीच एकीकरण भएको थियो । माघ १३ मा बसेको केन्द्रीय कार्यसमिति बैठकले २०७७ फागुन ७ देखि १० सम्म काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरेको छ । गाउँ र नगर अधिवेशन ०७७ कात्तिक १८, प्रदेशसभा अधिवेशन कात्तिक २१ गते र क्षेत्रीय अधिवेशन कात्तिक २३ गते गर्ने निर्णय कांग्रेसले गरेको छ । कांग्रेसको १३ औं महाधिवेशन २०७२ फागुनमा काठमाडौंमा भएको थियो । पार्टी विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था छ । सोही बाँकी पृष्ठ २ मा

# आईजीपी नियुक्तिको सकस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

मन्त्रिपरिषद् भित्रै नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी) नियुक्तका विषयमा सहमति हुन नसक्दा सरकार सकसमा परेको छ । आईजीपी नियुक्तीका लागि मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले कुनै निर्णय लिन सकेन । प्रधानमन्त्री केपी शर्मा ओलीले र गृहमन्त्री रामबहादुर थापा बादलबीच कुरा नमिल्दा सोमबार आईजीपी बारे निर्णय हुन सकेन । सोमबार दिउँसो बसेको



मन्त्रिपरिषद् बैठकले आईजीपी छान्न नसकेपछि मंगलबार फेरि मन्त्रिपरिषद् बैठक बस्ने सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले जनाएका छन् ।

सोमबारको बैठकमा नयाँ आईजीपी कसलाई बनाउने भन्ने बारे सामान्य छलफल भएको थियो । नयाँ आईजीपीका लागि प्रदेश १ मा कार्यरत ठाकुर ज्ञवाली, सुदूरपश्चिम प्रदेशमा कार्यरत तारिणीप्रसाद लम्साल र प्रहरी प्रधान कार्यालयमा कार्यरत सूर्यप्रसाद उपाध्यायले दाबेदारी प्रस्तुत गरेका छन् ।

महानिरीक्षक सर्वेन्द्रनाथ खनालले मंगलबार अवकाश पाउने भएपछि नयाँ आईजीपी बनाउन लागिएको हो । प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले ३० वर्ष सेवा हदका कारण अवकाश बाँकी पृष्ठ २ मा

## त्रिभुवन विमानस्थलमा आगलागी



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आगलागी भएको छ । अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको टर्मिनल भवनको 'कफी शप' बाट आगलागी शुरु भएको थियो । राति ८:१० मा शुरु भएको आगालीले अन्तर्राष्ट्रिय बोर्डिङ गर्ने लेन नम्बर १ देखि ५ सम्म जलेको छ ।

कतारका लागि बोर्डिङ गर्दा शुरु भएको आगलागीका कारण विमानस्थल नै सिल गरिएको थियो । जसका कारण फ्लाइटहरु सबै रोकिएका थिए । बाँकी पृष्ठ २ मा

## एनएसीमा म्याच फिक्सिङ
# प्रतिस्पर्धी कम्पनीकै अध्यक्षलाई पाइलट

**राष्ट्रियध्वजावाहक नेपाल वायु सेवा निगम (एनएसी) का तत्कालीन कार्यकारी अध्यक्षको बहिर्गमनसँगै अनेक शंका-उपशंका उब्जिएका छन् । यही क्रममा उनले प्रतिस्पर्धी एयरलाइन्सका अध्यक्ष र पाइलटलाई नै नियमविपरीत नियुक्त गरेको पुष्टि भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

राष्ट्रियध्वजावाहक नेपाल वायु सेवा निगम (एनएसी) ले अनधिकृत ढंगले करारतर्फ २ पाइलट नियुक्त गरेको पाइएको छ । एनएसीको कार्यकारी अध्यक्षबाट हालै बिदा लिएका मदनकुमार खरेलले प्रचलित नियमविपरीत पाइलट नियुक्त गरेका हुन् ।

एनएसीको पाइलट नियुक्तिबारे अनुसन्धान गरेको राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो निष्कर्ष सार्वजनिक गर्दै विधि र प्रक्रिया मिचेर Y–12–E जहाज उडाउने प्रयोजनका लागि फिजोनाथ नेपाली र केबी लिम्बुलाई नियुक्ति दिएको जनाएको छ । नियुक्ति पाएका फिरोजनाथ मकालु एयरका अध्यक्ष हुन् भने लिम्बू सोही एयरका प्राविधिक पाइलट हुन् । केन्द्रले दुवै पाइलटको नियुक्ति निगमको कर्मचारी सेवा, शर्तसम्बन्धी विनियमावली, २०५८ विपरीत रहेको जनाएको छ ।

नेपाल वायु सेवा निगमका कर्मचारीहरूको सेवा, शर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम ८३ 'क'मा अन्यत्र नोकरी वा सेवा गर्ने व्यक्तिलाई नियुक्ति गर्न नमिल्ने प्रावधान छ । विनियम ८३ 'क' (१) मा निगममा कार्यरत कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्न हुँदैन भन्ने व्यवस्था पनि गरिएको छ ।

परम्परागत रूपमा पाइलटलगायतको नियुक्ति निगम सञ्चालक समितिको निर्णयबाट गर्नुपर्छ । तोकादेशको भरमा पाइलटको नियुक्ति गर्ने परिकल्पना निगमभित्रको विधान विनियमावलीले गरेको छैन । कथंकदाचित सञ्चालक समितिको संलग्नताबेगरै यस्तो नियुक्ति गरिएमा त्यो अनधिकृत हुन्छ । बाँकी पृष्ठ २ मा

# छवि सुधार्ने गरी काम गर्न व्यवसायीहरूलाई देउवाको सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगारमा कामदार पठाउने प्रक्रियामा सुधार गरी वैदेशिक रोजगार व्यवसायीहरुको छवि सुधार गर्न सुझाव दिएका छन् । पार्टीको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोसिएसनको नवनिर्वाचित कार्यसमिति एवं सल्लाहकार हरुसँग सोमबार आफ्नै निवास बुढानिलकण्ठमा भएको भेटमा सभापति देउवाले उक्त सुझाव दिएका हुन् । सोमबार बिहान एशोसिएशनका नवनिर्वाचित पदाधिकारीको परिचयात्मक कार्यक्रम राखिएको थियो ।

परिचयात्मक कार्यक्रमकै क्रममा एशोशिएसनका नवनिर्वाचित अध्यक्ष नरेन्द्र प्रसाद ढकालले पार्टीले निर्वाचनबाट आएको कार्यसमितिलाई स्वतन्त्र रुपमा काम गर्ने वातावरण बनाइदिन पर्ने माग गरेका थिए ।



अध्यक्ष ढकालले आफुहरुले वैदेशिक रोजगार क्षेत्रमा रहेका विद्यमान समस्याका बारेमा विस्तृत जानकारी गराएपछि सभापति देउवाले स्वच्छ र मर्यादित ढंगबाट वैदेशिक रोजगारमा कामदार पठाएर समाजमा रहेको व्यवसाय प्रतिको धारणा परिवर्तन गर्न सुझाव दिएको बताए । त्यसैगरी सभापति बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नीतिगत र प्रशासनिक सुधार साथ साथै : महानिर्देशक दाहाल

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक कुमार दाहालले वैदेशिक रोजगार प्रशासनलाई स्वच्छ तथा मर्यादित



बनाउन आफु प्रतिवद्ध रहेको भन्दै विभागले अघि बढाएको सुधारका कामलाई निरन्तरता दिने बताएका छन् ।

वैदेशिक रोजगार पत्रकार समाजको प्रतिनिधिमण्डलसँग सोमबार आफ्नै कार्यकक्षमा भएको भेटघाटमा महानिर्देशक दाहालले वैदेशिक रोजगार मुलुकको अर्थतन्त्र र आम नागरिकसँग प्रत्यक्ष बाँकी पृष्ठ २ मा

## कोरियाको कोटा बढाउन श्रममन्त्रीको आग्रह

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले कोरियामा नेपाली कामदारका लागि कोटा बढाइदिन आग्रह गरेका छन् । नेपालका लागि दक्षिण कोरियाली राजदूत पार्क योङसिकसँगको भेटका क्रममा मन्त्री यादवले कोटा बढाइएमा ईपीएसको भाषा परीक्षा उत्तिर्ण गरेकाहरुले लामो समयसम्म प्रतिक्षा गर्नु नपर्ने भन्दै त्यसबाट कामदारलाई लाभ पुग्ने बताए ।

त्यहाँको पेन्सन बाँकी पृष्ठ २ मा

घर भाडामा दिंदा भाडामा लिने व्यक्ति/संस्थको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तु-आवश्यकता

डकुमेन्टेसन - २ जना (महिला)
अफिस सेक्रेटरी - २ जना (महिला)

क्लासिक ओभरसिज मेनपावर प्रा. लि.

तु-आवश्यकता

Manager - 1 M/F
Pro Officer - 2 M/F
Documentation - 2 M/F
Kitchen Helpher - 1 Female

DITYA INTERNATIONAL PVT. LTD.

# समृद्धिका लागि शिक्षा पहिलो प्राथमिकता : प्रचण्ड



नुवाकोट/मस- नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाज परिवर्तन र समृद्धिका लागि शिक्षा पहिलो प्राथमिकतामा रहेको बताएका छन् । किस्पाङ गाउँपालिका-३ काहुलेस्थित ऐसेलुभूमे माध्यामिक विद्यालयमा भारतीय अनुदान सहयोगमा निर्माण गरिएको नयाँ भवनको आज उद्घाटन गर्दै उनले विद्यालयमा सुविधा सम्पन्न नयाँ भवनको निर्माणले अब शिक्षामा गुणस्तर र दक्षजनशक्ति उत्पादनमा थप ऊर्जा थपिने विश्वास व्यक्त गरे ।

उनले नेपाल जस्तो पछि परेको राष्ट्र मात्र नभइ विकसित अमेरिका र युरोपका राष्ट्रले शिक्षा नै प्रथामिकतामा राख्ने गरेका अनुभवले पनि शिक्षित जनशक्ति उत्पादन नभइ समृद्धिको सपना पूरा हुन नसक्ने बताए । 'आगामी तीन वर्षमा गुणात्मक प्रगति गरेर नेपाललाई नयाँ युगमा प्रवेश गराउनुपर्ने कार्यभार शिक्षाका माध्यमबाट मात्रै सकिने आशा लिएका छौं,' उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री वर्षमान पुनले विद्यालय, सडक, जलविद्युत्लगायतका भौतिक पूर्वाधारले मात्र समृद्धि प्राप्त नहुने भएकाले शिक्षा र सीप लगायतका मानवीय दक्षताको पूर्वाधार विकासमा आफ्ना सन्ततिलाई केन्द्रित गराउन सुझाव दिए । सांसद नारायणप्रसाद खतिवडाले शिक्षाका माध्यमबाट कृषि, पर्यटन, जलविद्युत् लगायतको सीप प्रवद्धन गर्ने सिकाइको विकास गराउन सक्नुपर्ने बताए ।

नेकपा नुवाकोटका अध्यक्ष एवं वाग्मती प्रदेशसभा सदस्य हीरानाथ खतिवडाले विद्यालयको भवन निर्माण मात्र नभइ विद्यालय पुग्न सहज बाटो र सडकको अभावले विद्यार्थी संख्या बढाउन र विद्यालयमा नियमित गराउन प्रदेश सरकार नयाँ योजना तथा नीति बनाउने क्रममा रहेको जानकारी गराए । राष्ट्रिय पुन:निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइका उपनिर्देशक दिलीपशेखर श्रेष्ठले भूकम्पले क्षति पुऱ्याएकामध्ये सात हजार ५०० क्षतिग्रस्त विद्यालयमध्ये पाँच हजार ५०० को पुन:निर्माण सम्पन्न भइसकेको र बाँकी पनि निर्माणको प्रक्रियामा रहेका बताए । उनले नुवाकोटमा ४५३ विद्यालयमध्ये ३६४ को पुन:निर्माण सम्पन्न भइसकेको र २६ विद्यालय जग्गा अभावमा निर्माणमा समस्या भएकाले सामुदायिक विद्यालयका लागि समुदायबाट जग्गा उपलब्ध गराउन अपिल गरे ।

उक्त विद्यालयको १५ कोठ नयाँ भवन रु तीन करोड ९५ लाख लगानीमा जोशी-काङ्गी निर्माण व्यवसायीले तोकिएको अवधि भन्दा एक महिनाअघि नै निर्माण सम्पन्न गरेको भारतीय राजदूतावासबाट सञ्चालित सहयोग अनुदान शाखाका सचिव शुचिता किशोरले बताए । भारतीय सहयोग अनुदानमा जिल्लामा थप आठ विद्यालयमा आवश्यक सबै कक्षा कोठाको निर्माण भइरहेको छ ।

# सवारी लाइसेन्स लिन १८ वर्ष, १० कक्षा पास हुनु पर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

अब सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) लिने उमेर हद १८ वर्ष पुग्ने भएको छ । यातायात व्यवस्था विभागले सवारी चालक अनुमतिपत्र पाउनका लागि न्यूनतम १८ वर्ष उमेर पूरा गरेको हुनुपर्ने व्यवस्था गर्न लागेको विभागले जनाएको छ । 'सवारी तथा यातायात व्यवस्था ऐन-२०७६' को मस्यौदामा सवारी चालक अनुमतिपत्र लिने उमेर हद १८ वर्ष कायम गर्न लागिएको विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिएका छन् । अहिले सवारी चालक अनुमतिपत्र लिनका लागि १६ वर्ष उमेर पुग्नुपर्ने व्यवस्था छ । विभागले लाइसेन्सको समय सीमासमेत बढाएर १० वर्ष कायम गर्ने तयारी गरेको छ । हाल पाँच वर्षमा गर्नुपर्ने नवीकरणलाई सेवाग्राहीले झन्झटिलो मान्दै आएका छन् । कम उमेरका चालकले सवार ीसाधन चलाउँदा बढी दुर्घटना भइरहेको विभिन्न अध्ययनका क्रममा पाइएको छ । त्यसैले पनि निजी र सार्वजनिक सबै प्रकारको सवारीसाधनका लागि उमेर बढाउन लागिएको हो । सो विधेयकमाथि अहिले मन्त्रालयले विभिन्न पक्षसँग छलफल गरिरहेको छ । उनले भने,' मन्त्रालयमा छलफल सकिएपछि मन्त्रिपरिषद् हुँदै संसद्सम्म पुग्नेछ ।'

चालकका लागि कक्षा १० पास गरेको हुनुपर्ने गरी व्यवस्था गरिएको विभागका महानिर्देशक हमालले बताए । टुटल र पठाओलाई भने ऐनले समेट्ने वा नसमेट्ने भन्ने अहिले नै यकिन भइसकेको छैन । सकेसम्म टुटल पठाओलाई कानुनीरूपमा नै नियममा ल्याउने गरी मन्त्रालयमा पनि छलफल भइरहेको छ । संघीय सवारी तथा यातायात व्यवस्था ऐन अघि नबने पनि प्रदेशहरूले ऐन बनाइरहेका छन् ।

प्रदेश १, प्रदेश २ र वाग्मती प्रदेशले संघीय ऐनभन्दा पहिले नै नयाँ संविधानुसार ऐन बनाइसकेको राससले जनाएको छ । बागमती प्रदेशले यातायात व्यवस्थासम्बन्धी नियमावली बनाउने तयारी गरिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

## महाधिवेशनको...

व्यवस्थाअनुसार एक बर्षको अवधि थप गरी २०७७ मा महाधिवेशन गर्ने निर्णय कांग्रेसले गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए ।

यता दुबै मधेश केन्द्रीत दलहरुको महाधिवेशन अलमलमा परेको छ । २०७३ वैशाख ७ गते महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सदभावना पार्टी, महेन्द्र यादव नेतृत्वको तराई-मधेश सदभावना पार्टी, शरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, अनिल झा नेतृत्वको नेपाल सदभावना पार्टी र राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)बीच एकीकरण भई राजपा बनेको थियो । पार्टी एकीकरण हुँदा राजपाले एक वर्षभित्रै पार्टीको एकता महाधिवेशन गर्ने घोषणा गरे पनि अहिलेसम्म मिति तय हुन सकेको छैन । एकताको एक वर्ष हुनैलाग्दा स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका कारण राजपाको महाधिवेशन गर्ने घोषणा सम्भव नभएको महासचिव केशव झा बताउँछन् । राजपाले तेस्रोपटक ७-१० वैशाख, ०७६ मा महाधिवेशन गर्ने घोषणा गरेको थियो । २०७६ को वैशाखमा बसेको पदाधिकारी बैठकले २७ देखि कात्तिक ३० गतेसम्म महाधिवेशन गर्ने मिति तय गरेको थियो । यो मितिमा पनि राजपाले महाधिवेशन गर्न सकेन । त्यसपछि राजपाले अर्को मिति तोक्न नसकेको झाबताउँछन् ।

अर्कोतर्फ समाजवादी पार्टीले पनि महाधिवेशनको मिति तय गर्न सकेको छैन । तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टीबीच एकीकरणपछि संघीय समाजवादी फोरम बनेको थियो । उक्त पार्टीले पनि महाधिवेशन गर्न सकेन । त्यसपछि २०७६ वैशाख २३ गते बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकीकरण भएर समाजवादी पार्टी नेपाल बनेको छ । एकीकरण पछि बनेको समाजवादी पार्टीले असोज २८, २९ र ३० गते जनकपुरमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । असोजमा पनि एकीकरणका काम नसकिएको भन्दै महाधिवेशन गर्न सकेन । त्यसयता अर्को मिति हुन नसकेको महासचिव रामसहाय प्रसाद यादव बताउँछन् ।

## आर्शीवाद...

घिसार्दै लगेको देखिन्छ । बिहान ९ बजेको दृश्यमा यस्तो देखिएको प्रहरीले जनाएको छ । प्रहरीले हत्याको कारण खोज्दै विभिन्न व्यक्तिसँग वयान लिने क्रम जारी राखेको छ । प्रहरीले घटनास्थलबाट मोबाइललगायत अन्य सामग्री बरामद गरेर लगेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## आईजीपी...

पाउने भएपछि नेपाल प्रहरीको प्रमुख पद रिक्त हुँदैछ ।

स्रोतका अनुसार गृहमन्त्री थापाले केही दिन अझै खनाललाई नै आईजीपी राख्न चाहेका छन् । तर, प्रधानमन्त्री ओलीले नयाँलाई आईजीपी बनाउने बताउँदै आएका छन् ।

## त्रिभुवन...

विमानस्थलमा अहिले पनि धुँवा रहे का कारण त्यहाँबाट बाँकी उडान र अवतरण स्थगन गर्ने तयारी गरि एको छ ।

## छवि...

देउवाले विवाद रहित एवं स्वच्छ तरीकाले निर्वाचन सम्पन्न गरी नेतृत्व छानेकोमा एशोशिएसनका पदाधिकारी सदस्यहरुलाई बधाईका साथै सफल कार्यकालको शुभकामना दिएका थिए ।

सभापति देउवाले एशोशिएसनको दशौं साधारसभाको उद्घाटन गरेका थिए । सोमबारको भेटमा पनि उद्घाटन मन्तव्य जस्तै वैदेशिक रोजगार क्षेत्रले रेमिट्यान्स मार्फत देशको अर्थतन्त्रमा योगदान पुऱ्याएको र बेरोजगार युवायुवतीहरुलाई रोजगार दिलाएकाले यस क्षेत्रमा रहेका समस्या समाधान गर्न नेपाली कांग्रेसले पूर्ण रुपमा सहयोग गर्ने आश्वासन दिएको महासचिव भवानी निरौलाले जानकारी दिए ।

सभापति देउवाले राष्ट्रियसभा अन्तर्गत रहेको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारी र सदस्य राधेश्याम अधिकारीलाई टेलिफोन गरी वैदेशिक रोजगार ऐन र नियमावलीमा वैदेशिक रोजगार व्यवसायीले ईजाजतपत्र नवीकरण गर्न वार्षिक एक सयजना कामदार पठाउनुपर्ने व्यवस्थाका सम्बन्धमा रहेको विरोधाभास हटाउन पहल गर्न आग्रह गरेका थिए ।

अध्यक्ष ढकाल वैदेशिक रोजगारको क्षेत्रमा धेरै पक्षमा नीतिगत सुधार आवश्यक रहेकाले खुला बजार अर्थतन्त्रको हिमायती नेपाली कांग्रेसले संसद्मार्फत साथ दिनुपर्ने धारणा राखेका थिए । जवाफमा सभापति देउवाले सुधारका लागि नेपाली कांग्रेस सबै ८ सय ५३ व्यवसायीका साथमा रहेको आश्वासन दिएका थिए ।

एशोशिएसनले सोमबार कांग्रेस सहमहामन्त्री डा. प्रकाश शरण महतसँग पनि भेटघाट गरेको छ । केन्द्रीय सदस्य रमेश लेखकसँग शनिवार भेटघाट गरेको एशोशिएसनको कार्यसमितिले प्रतिनिधिसभामा नेपाली कांग्रेसका सचेतक एवं पार्टी केन्द्रीय सदस्य वालकृष्ण खाँण लगायतका नेताहरुलाई पनि भेटी वैदेशिक रोजगार क्षेत्रमा तत्काल समाधान गर्नुपर्ने समस्याका बारेमा जानकारी गराउने भएको छ ।

भेटघाटका लागि कार्यसमितिका पदाधिकारीहरु, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे, संघ तथा फोरमका पूर्व विमल ढकाल, फोरमका पूर्व अध्यक्ष प्रज्ञान न्यौपाने, संघका महासचिव सुजित श्रेष्ठ लगायत व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## नीतिगत...

सम्बन्ध राख्ने विषय भएकाले यसमा रहेका अवसर र चुनौती दुवै पक्षलाई आत्मसात गरी अघि बढ्ने बताए ।

सुधारका कामलाई विद्युतीयकरण (डिजिटलाइजेसन) गर्न बाँकी नै रहेको भन्दै महानिर्देशक दाहालले वैदेशिक रोजगारका नीतिगत पक्ष र प्रशासनिक सुधारका कामलाई एकैसाथ अघि बढाउनुपर्ने पक्षमा आफु रहेको बताए ।

महानिर्देशक दाहालले भने, 'जहाँ कारोवार हुन्छ त्यहाँ अवश्य विकृतिहरु हुन्छन् । ती विकृतिहरुको अन्त्य गर्न चुनौतीमाथि खुट्टा नचिप्ल्याई ब्यालेन्समा राखेर अघि बढ्नुपर्ने आवश्यकता देखेको छु ।'

महानिर्देशक दाहालले सरकारले खाडीका ६ वटा देश र मलेसियामा वैदेशिक रोजगारीमा जाने कामदारका हकमा लागू गरेको फ्रि भिसा फ्रि टिकट कार्यान्वयनका क्रममा देखापरेका जटिलताको समाधान छिट्टै हुनुपर्ने पक्षमा आफु रहेको बताए ।

महानिर्देशक दाहालले भने, 'फ्रि भिसा फ्रि टिकट भनिएको छ, व्यवासायीहरुले सैद्धान्तिक रुपमा स्वीकार पनि गरेका छन्, तर व्यवहारमा कार्यान्वयनमा आएको देखिँदैन । कामदारहरु खाडी र मलेसिया जानकै लागि म्यानपावर कम्पनीलाई लाखौं रकम बुझाएको गुनासो लिएर विभाग आइरहेका छन् । यसमा नीतिगत परिवर्तन नगरिँदासम्म कामदारबाट लाखौं रकम असुलेर १० हजारको रसिद दिने प्रवृत्तिलाई विभागले टुलुटुलु हेरेर बस्दैन, म्यानपावरमाथि कडा कारबाही गर्नुपर्ने पक्षमा म रहेको छु ।'

महानिर्देशक दाहालले व्यवसायीहरुले ऐन, कानुन, कार्यविधि र सेवा शुल्कका विषयमा माग गरेको छलफललाई पनि ध्यान दिइने भन्दै व्यवसायीहरुले नैतिकताको दायरामा रहेर काम गर्नुपर्नेमा जोड दिए ।

तालिम तथा शैक्षिक परामर्शका नाममा हुने ठगीले वैदेशिक रोजगार क्षेत्रलाई बद्नाम गराइरहेको भन्दै महानिर्देशक दाहालले ठगीको ती क्षेत्रमा पनि विभागले अन्य सरकारी निकायसँग समन्वय गरी कारवाहीलाई अघि बढाउने बताए ।

महानिर्देशक दाहालले अन्य क्षेत्रको सुधारसँगै विभाग मातहत कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरेर पारदर्शी एवं स्वच्छ प्रशासनलाई बढवा दिने बताए । विभाग र विभाग मातहत रहेको वैदेशिक रोजगार कार्यालय ताहाचलमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी परिवर्तन गर्ने विषयमा गृहकार्य गरिरहेको महानिर्देशक दाहालले जानकारी दिए ।

विभागका तत्कालीन महानिर्देशक डा. भीष्मकुमार भूसाल सरुवा भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग गएपछि सूचना आयोगमा कार्यरत दाहाल गत शुक्रवारदेखि विभागको महानिर्देशकको जिम्मेवारीमा आएका हुन् ।

## कोरिया...

प्रणालीमा नेपाली श्रमिकलाई पनि जोड्न आग्रह गर्दै मन्त्री यादवले दक्षिण कोरियालाई ईपीएस भाषा परीक्षालाई थप मर्यादित र व्यवस्थीत बनाउन नेपाल सरकार प्रतिवद्ध रहेको समेत बताएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयका अनुसार भेटमा कोरियाली राजदूत पार्क योङसिकले कोरियामा नेपाली कामदारहरुलाई राम्रो पारिश्रमिक उपलब्ध गराइएको भन्दै कामदारका परिवारसँगको सम्पर्कलाई थप सहज गर्न सकिने जानकारी गराएका छन् । त्यसैगरी उनले नेपाली श्रमिकको आत्महत्याको विषयमा चिन्ता व्यक्त गर्दै त्यसको व्यवस्थापनका लागि कोरियाली सरकारले आवश्यक काम गर्ने समेत बताएका छन् ।

## एनएसीमा...

तर, तत्कालीन अध्यक्ष खरेलले विनियमावलीलाई लत्याउँदै मासिक ६/६ लाख रुपैयाँ तलब दिनेगरी दुई पाइलट नियुक्त गरेका छन् ।

जानकारहरूका अनुसार, खरेलले आफ्नो कार्यकालमा अनेक विवादास्पद निर्णयहरू गरेका थिए । आर्थिक प्रलोभनमा खरेलले अनेक अपारदर्शी निर्णय गरेको आरोप खरेलमाथि छ । यसबारे अनुसन्धान गर्ने तयारी पनि भइरहेको बताइएको छ । पछिल्लो पाइलट नियुक्ति पनि आर्थिक प्रलोभनमा फसेर गरिएको हुनसक्ने निगम स्रोतको दाबी छ ।

'प्रतिस्पर्धी एयरलाइन्समा काम गर्ने व्यक्तिलाई नै नियुक्ति गर्ने कुरा आफैंमा नैतिक प्रश्न त हो नै,' निगमका एक उच्च अधिकारीले गोपनीयता राखिदिने शर्तमा भने, 'सञ्चालक समितिलाई नै छलेर निर्णय भएकाले यसमा तत्कालीन अध्यक्ष प्रभावित भएको हुनसक्ने देखिएको छ । यसबारे तालुकदार निकायले छानबिन गरेर सत्यतथ्य सतहमा ल्याउनुपर्छ ।'

**कारबाही गर्न सतर्कताको निर्देशन**

निगम व्यवस्थापनको पाइलट नियुक्तिबारे केही महिनाअघि सतर्कता केन्द्रमा उजुरी परेको थियो । उजुरीपछि यसबारे मिहीन ढंगले अध्ययन गरेर निष्कर्ष सार्वजनिक गरेको केन्द्रले जनाएको छ ।

केन्द्रले आफ्नो अध्ययनको निष्कर्ष सार्वजनिक गर्दै तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनधिकृत पाइलट नियुक्तिमा संलग्नमाथि कारबाही गर्न निर्देशन दिएको छ ।

'निजहरूलाई करारमा नियुक्त गर्दा कुनै कानूनी प्रक्रिया/मापदण्ड अवलम्बन नगरी सोझै निवेदनको भरमा कार्यकारी अध्यक्षाको तोकादेशअनुसार सम्झौता गरेको नियुक्ति नियमसंगत नदेखिएकाले कानूनत: फिजोनाथ नेपाली र कुलबहादुर लिम्बू निजी विमान कम्पनीमा कार्यरतसमेत रहेको भन्ने बुझिन आएकाले सोसम्बन्धमा अध्ययन हुँदा नियमविपरीत भएको पाइएकाले कानूनबमोजिम कारबाही गर्नु,' केन्द्रले निगमका तत्कालीन कार्यकारी अध्यक्ष मदनकुमार खरेलमाथि कारबाही गर्न सुझाउँदै निष्कर्ष निकालेको छ । साथै उसले अवैध ढंगले नियुक्त गरिएका दुई पाइलटलाई दिइएको रकम असुलउपर गर्नसमेत भनेको छ ।

तर, तत्कालीन कार्यकारी अध्यक्ष खरेल देश छाडेर विदेश भासिएकाले दोषीमाथि कसरी कारबाही हुन्छ ? अन्योलता उत्पन्न भएको छ ।

# प्रस्तावित चरिकोट अस्पतालमा एच.डि.यू सेवा सञ्चालनमा

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, २७ माघ



दोलखाको सदरमुकाम चरिकोटमा रहेको प्राथमीक स्वास्थ्य केन्द्र/प्रस्तावित चरिकोट अस्पतालमा सोमबारबाट एच.डि.यू सेवा सञ्चालनमा आएको छ । एच.डि.यू.को महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले उद्घाटन गरे । हाइ डिपेन्डेन्सी युनिट अर्थात उच्च निर्भरता इकाइ सञ्चालनमा आएसँगै जिल्लाका बिरामीलाई सहज भएको छ । यसअघि सिकिस्त प्रकृतिका बिरामीलाई तत्काल काठमाडौं रिफर गर्नुपर्ने बाध्यता सोमबारबाट हटेको छ ।

एच.डि.यू सेवा सञ्चालनमा आएसँगै विषादि सेवन गरेका विरामी, एक महिना भित्रका शिशु, श्वासप्रश्वासमा समस्या भएका दमका बिरामी, मध्यम मुटुरोगी लगाएतका बिरामीको प्रस्तावित चरिकोट अस्पतालमै उपचार गर्न सकिने न्याय हेल्थ नेपाल दोलखाका स्वास्थ्य सेवा निर्देशक डा.विनोद दंगालले जानकारी दिए । सम्पूर्ण स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने प्रस्तावित चरिकोट अस्पतालमा विस्तार भएको यो सेवाले दोलखाली प्रत्यक्ष लाभान्वित हुनेछन् ।

एच.डि.यू सेवा सञ्चालनका लागी दोलखाको भीमेश्वर नगरपालिकाले उपकरण खरिद र एच.डि.यू कक्ष व्यवस्थापनका लागी सहयोग गरेको थियो । एच.डि.यू सेवा थप भएसँगै प्राथमीक स्वास्थ्य केन्द्र चरिकोटले २ जना कर्मचारी नियुक्त गरेको छ । त्यसैगरी अझै २ जना कर्मचारी अपुग हुने प्रस्तावित चरिकोट अस्पतालले जनाएको छ ।

एच.डि.यू सेवा विस्तार भए सँगै औषधि थप्नुपर्ने भएकाले वार्षिक करिब १५ लाख रुपैयाँ बराबरको औषधि खरिद र २ जना कर्मचारीको व्यवस्थापन भीमेश्वर नगरपालिकाले गर्नुपर्ने जनाएको छ । कर्मचारी थप र औषधि खरिद नगरपालिकाले गरेमा मात्रै अस्पतालमा विस्तार गरिएको एच.डि.यू सेवाबाट प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रदान हुने प्रस्तावित चरिकोट अस्पतालले जनाएको छ ।

भीमेश्वर नगरपालिका प्रमुख भरत केसीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्मा, मेलुङ गाउँपालिका अध्यक्ष नर बहादुर श्रेष्ठ, न्याय हेल्थ नेपाल दोलखाका स्वास्थ्य सेवा निर्देशक डा.विनोद दंगाल लगाएतले मन्तव्य व्यक्त गरेका थिए ।

# चितवनमा खाना महोत्सव
# टिकटको ७५ प्रतिशत रकम गौतमवुद्ध रंगशालालाई

**चितवन/मस-** पर्यटकीय नगरी सौराहामा मङ्गलबार (आज)देखि खाना महोत्सव हुने भएको छ । प्रेम दिवसको अवसर पारेर सौराहामा खाना महोत्सव आयोजना गर्न लागिएको रेष्टुराँ एण्ड बार एशोसिएशन (रेवान) सौराहाले जनाएको छ । आयोजकका अनुसार, महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ । चौधौं सौराहा खाना महोत्सवको तयारी पूरा भएको छ । महोत्सव सिसुवार चौरमा हुँदैछ ।



महोत्सवमा ४० खानाका कक्ष रहने रेवान सौराहाका अध्यक्ष दीपेन्द्र खतिवडाले जानकारी दिए । महोत्सवमा स्थानीय जातजाति तथा विदेशी खानाको परिकारसँगै स्थानीय कला, संस्कृति, वेषभूषाको प्रदर्शन गरिनेछ । महोत्सवअन्तर्गत सौराहाको हात्तीचोकदेखि ड्याकसम्म सडकमै खाने र सडकमै रमाउने व्यवस्था मिलाइनेछ । सडक किनारमै खाने र सडकमा नै सांस्कृतिक कार्यक्रम अवलोकन गर्ने व्यवस्था मिलाइएको छ ।

पर्यटकका लागि होटलमा ३० प्रतिशत र रेष्टुराँमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको महोत्सवका संयोजक ध्रुव गिरीले जानकारी दिए । महोत्सवअन्तर्गत मेयरकप भलिबल प्रतियोगिता, प्रेमपत्र लेखन प्रतियोगिता, वेटर रेस, महिलाको म्युजिकल चेयर, बालबालिकाको बेलुन फुटाइ, डोरी तान्ने, अन्तरविद्यालय नृत्य प्रतियोगिता तथा सडक नाटकलगायतका कार्यक्रम हुनेछन् ।

प्रेम दिवसको दिन महोत्सव प्रवेशका लागि काटिने टिकटबाट सङ्कलन भएको रकममध्ये ७५ प्रतिशत गौतमबुद्ध क्रिकेट रङ्गशालालाई दिइने आयोजकले जनाएको छ । झण्डै साढे दुई करोडको कारोवार हुने अनुमान गरिएको खाना महोत्सवमा २० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको सो महोत्सवको वाग्मती प्रदेशका पर्यटनमन्त्री अरुण नेपालले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । रेवानले अघिल्ला वर्षहरूमा पनि यस्तो महोत्सव गर्ने गरेको थियो । यो महोत्सवको चौथो संस्करण हो ।

# जथाभावी बाटो काट्ने ९ हजार कार्बाहीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ



महानगरीय ट्राफिक प्रहरी महाशाखाले जथाभावी बाटो काट्ने ९ हजार भन्दा धेरैलाई सचेतना कक्षा लिएको छ । गत पुस २८ गतेदेखि सुरू भएको यो अभियानमा ९ हजार ९ सय ८९ पैदल यात्रुलाई सोही ठाउँमा २० मिनेटको सचेतना कक्षा दिइएको महाशाखाले जनााएको छ । बाटो काट्दा हुने दुर्घटनामध्य धेरैमा पैदल यात्रुको ज्यान गएकाले यो अभियान सुरू गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले बताए ।

श्रेष्ठले भने, 'यसरी जथाभावी बाटो काटेको देखेपछि हामीले उहाँहरुलाई बोलाएर त्यही ठाउँमा २० मिनेट सम्झाउँछौं । सचेतना कक्षामा यात्रुलाई ओभरहेड ब्रिज र जेब्रा क्रसबाट उत्प्रेरित गर्दैछौं ।'

उनले भने, 'दुर्घटनामा परियो भने अंगभंग हुन्छ, मृत्यु हुनसक्छ, त्यो भन्दा बरु अतिकति पर गएर भए पनि जेब्रा क्रस वा ओभर हेड ब्रिजबाट बाटो काट्नुहोस्, नभएको ठाउँमा राम्रोसँग हेरेर गाडी नआएको बेलामा काट्नुहोस भनेर सम्झाउछौं ।'

# राष्ट्रपति र प्रधानमन्त्रीसँग बंगलादेशका सेना प्रमुखको भेट

**काठमाडौं/मस-** बंगलादेशका सेना प्रमुख जनरल अजिज अहमदले राष्ट्रपति र प्रधानमन्त्रीसँग शिष्टाचार भेटवार्ता गरेका छन् । पाँचदिने औपचारिक भ्रमणमा काठमाडौं आएका अहमदले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग शीतल निवास र प्रधानमन्त्री केपी शर्मा ओलीसँग बालुवाटारमा छुट्टाछुट्टै भेटवार्ता गरेका हुन् ।

त्यस्तै अहमदले आजै पाँचखालस्थित नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको समेत भ्रमण गरेको नेपाली सेनाले जनाएको छ । माघ २४ गते काठमाडौं आएका सेना प्रमुख अहमद २८ गते स्वदेश फिर्ता हुनेछन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०५८/०३/०७ मा दर्ता भएको **प्रा.लि. नं. १५८८०** को **कमर्सियल पोल्ट्री फार्म प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

# 'पत्रकारले पेशागत मर्यादालाई भुल्न हुन्न'

## आर्थिक पत्रकारितामा आचारसंहिता झन् बढी संवेदनशील




**काठमाडौं/मस–** आम पत्रकार सरह आर्थिक पत्रकारहरुले पत्रकार आचार संहिता पालनामा अझ बढी गम्भीर हुनुपर्ने एक कार्यक्रममा सरोकारवालाहरुले बताएका छन् । सोमबार प्रेस काउन्सिल नेपालको आयोजना र आर्थिक पत्रकार समाज (सेजन)को संयोजनमा भएको 'आर्थिक पत्रकारिता र पत्रकार आचारसंहिता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले उक्त कुरामा जोड दिएका हुन् ।

अन्तरक्रिया कार्यक्रममा अर्थविद् डा गोविन्दबहादुर थापाले 'आर्थिक पत्रकार, पत्रकारिता र आचारसंहिता' विषयक कार्यपत्र प्रस्तुत गर्दै अहिले आर्थिक पत्रकारिता पत्रकारिता क्षेत्रको अभिन्न अंग बनेको बताए । उनले आर्थिक पत्रकारितामा सुधार हुँदै आए पनि अझै चोटिलो ढंगले कलम चलाउन आवश्यक रहेको भन्दै उठान गरिएका कतिपय विषयलाई फओअपका रुपमा टुंगोमा पुऱ्याउनुपर्ने सुझाव दिए

डा. थापाले आर्थिक पत्रकारिता लगायत समग्र पत्रकारिता आग्रहपूर्वाग्रहबाट माथि उठ्नुपर्ने सुझाव राख्दै समबन्धित विषयमा गहन अध्ययनको कार्यबाट मात्र आर्थिक पत्रकारिता पूरा हुने धारणा राखे ।

उक्त कार्यपत्रमाथि कारोवार दैनिकका सम्पादक कुवेर चालिसेले टिप्पणी गर्दै पत्रकारिता र व्यवसायिकताबीच आर्थिक पत्रकारहरुले भिन्नता छुट्याउन सक्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा आर्थिक पत्रकार समाजका पूर्व अध्यक्ष गोकर्ण अवस्थीले आर्थिक पत्रकारिता र पत्रकार आचारसंहिता विषयक कार्यपत्र प्रस्तुत गर्दै काउन्सिलले जारी गरेको आचारसंहिताको पूर्ण पालनासहित सेजनले थप आचारसंहितासमेत तय गरेको जानकारी दिए ।

उक्त कार्यपत्रमाथि सेजनका पूर्व अध्यक्ष विज्ञान अधिकारीले टिप्पणी गर्दै आर्थिक क्षेत्रमा पत्रकारिता गर्ने पत्रकारहरुले ठूला ठूला अनियमितता विषयवस्तुलाई बाहिर ल्याउने प्रयास गरेको बताए ।

कार्यक्रममा काउन्सिलका प्रमुख प्रशासकीय अधिकृत झवीन्द्र भुसालले काउन्सिलले विभिन्न प्रकारका निर्देशिका तथा शैली निर्माण गर्न लागेको भन्दै पत्रकारिता क्षेत्रको विश्वसनीयता वृद्धि गर्न कुनै कसुर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे । समाचार लेखेर विज्ञापन र पैसाको बार्गेनिङ गरेको भन्ने विषयमा धेरै उजुरी परिरहेको भन्दै विज्ञापनलाई समाचार बनाएर प्रकाशित, प्रसारित गर्ने कार्यले पाठक र दर्शकमा अन्योल छाएको उनको गुनासो थियो ।

सेजनका अध्यक्ष भीम गौतमले आर्थिक क्षेत्रमा कलम चलाउँदै समाजमा आबद्ध भएका पत्रकारका लागि छुट्टै आचारसंहितासमेत जारी गरिएको बताए ।

त्यस्तै कार्यक्रमको सभापतित्व गर्दै काउन्सिलका सदस्य गोपाल बुढाथोकीले पत्रकारले अभाव सहेर भए पनि आचारसंहिताको कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए । उनले भ्रष्टाचार जोडिएका कतिपय कतिपय ठूला ठूला विषयमा समेत आर्थिक पत्रकारहरुको ध्यान जान नसकेको औंल्याउँदै कतिपय विषयमा फलोअप समेत पर्याप्त रुपमा हुननसकेको धारणा राखे ।

काउन्सिलका अनुगमन अधिकृत रहमतुल्ला मियाले संचालन गरेको सो कार्यक्रममा काउन्सिलका सदस्य एवं विधागत समितिका संयोजक चेतनाथ धमलाले स्वागत मन्तव्य राख्दै आर्थिक क्षेत्रकै समाचारलाई लिएर बढी उजुरी आउने गरेको जानकारी दिए ।

# युटिलिटी करिडोरमा सांसद् र सरकार एकमत



**काठमाडौं/मस-** अर्थमन्त्री युवराज खतिवडाले युटिलिटी करिडोर सम्बन्धी कानून नबन्दा सम्म केही नेपाल ऐनलाई संशोधन गरेर अगाडि बढ्न सकिने बताएका छन् । सोमबार प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिमा भएको छलफलमा सांसदहरुले आवश्यक एने नबन्दा युटिलिटी कोरिडोर अनिश्चित बनेको गुनासो गरेपछि खतिवडाले यस्तो बताएका हुन् ।

काठमाडौं उपत्यका विकास प्राधिकरण आफैमा समून्वयकारी निकाय भएको उल्लेख गर्दै खतिवडाले यसको ऐन र तत्काल नेपाल ऐनमा संशोधन गर्न सकिने तर्फ सरकार अगाडि बढेको बताए ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले यस सम्बन्धि ऐन ड्राफ्ट भइसकेको र संसदको चालु अधिवेशनबाटै पारित गर्न सकिने अवस्था रहेको बताए । युटिलिटी उपत्यकामा मात्रै केन्द्रित नभएर मध्यपहाडी लोकमार्ग, घना वस्ती सहरी क्षेत्र भएका तराई मधेशका जिल्लामा पनि यो लागु हुने बताए । निर्माण भइसकेको र निर्माण भइरहेका योजनालाई समेट्ने गरी कानून बन्ने उनले बताए ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री बसन्त नेम्वाङले समुन्वय अभावमा सडक सुधारका काममा समस्या उत्पन्न भएको बताए । अब नयाँ निर्माण गर्ने सडक र यो सँग सम्बद्ध दुर सञ्चार, विद्युतिय लाइन विच्छाउने, ढल निकास लगायतका कुराहरु नयाँ आयोजनाको डिजाइनमा अनिवार्य गरेर अगाडी बढ्न सकिने उनले बताए ।

खानेपानी तथा सरसफाई मन्त्री बिना मगरले विकासको गति र प्रक्रिया अगाडि बढेपनि विकेन्द्रीकृत कार्यले गर्दा विकासमा अवरोध सिर्जना भएको बताइन् ।

समिति सभापति कल्याणी कुमारी खड्काले हरेक विकासका आयोजनामा राष्ट्रिय नीतिको आवश्यकता रहेको उल्लेख गर्दै दातृ संस्थाले बनाएको मापदण्ड अनुसार अगाडि बढ्दा समस्या उत्पन्न हुने गरेको बताइन् । उनले राष्ट्रिय नीति तय गर्ने तर्फ सरकारको ध्यानाकर्षण समेत गराइन् । सार्वजनिक खरिद ऐन संशोधनको कुरा आएको उल्लेख गर्दै खड्काले भनिन्, 'फाइल कहाँ अल्झेर बसेको छ । यो पनि छिटो भन्दा छिटो आउन जरुरी रहेको छ । काजगी काम नै अलममा राखेर छोड्यौं भने कानूनको तह के होला भन्ने कुरा यसैबाट आंकलन गर्न सकिन्छ ।' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेलले ऐन निर्माण गरेर कार्यान्वयन गर्न सके राष्ट्रिय स्रोत साधन बचतमा सहयोग पुग्ने बताए ।

# हत्या आरोपमा प्रहरीसहित तीन पक्राउ

**ओखलढुंगा/मस-** ओखलढुंगामा व्यक्ति हत्याको आरोपमा एक प्रहरीसहित तीन जना पक्राउ परेका छन् । जिल्लाको सिद्धिचरण नगरपालिका-९ का ४१ वर्षीय पृथ्वीबहादुर बानियाँको हत्या गरेको आरोपमा स्थानीयवासी तीन जनालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा स्थानीयवासी नेपाल प्रहरीमा कार्यरत चेतबहादुर बानियाँ, नेपाली सेनामा कार्यरत सन्तोष बानियाँ र व्यापारी कुमार वाग्ले छन् ।

स्वास्थ्य चौकी ज्यामिरेमा कार्यरत बानियाँ गत भदौ ४ गते दिउँसो कुमार वाग्लेको घर नजिक मृत फेला पारेका थिए । तत्कालीन समयमा मदिरा सेवनका कारण बानियाँको ज्यान गएको भनिए पनि छ महिनापछि प्रहरीले हत्या आरोपमा तीन जनाविरुद्ध मुद्दा चलाएको छ । लामो अनुसन्धानपछि कसुर गर्ने व्यक्ति पक्राउ गरी म्याद थप गरेर अनुसन्धान थालिएको जिल्ला प्रहरी प्रमुख रुपेश खड्काले जानकारी दिए । अदालतले दुई पटक म्याद थप गरिसकेको छ । सोमबार अदालतमा बयान सकिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

हत्या आरोपमा पक्राउ परेर हिरासत चलान भएसँगै नेपाली सेना र प्रहरीमा कार्यरत चेतबहादुर र सन्तोष जागिरबाट निलम्बनमा परेका छन् । अदालतबाट सफाइ पाए जागिर जोडिने अन्यथा निलम्बन सदर हुने र कारवाही भोग्नुपर्ने कानूनी व्यवस्था छ ।

घटना भएको समयमा उनीहरु घर बिदामा गाउँमै आएका थिए । अत्यधिक मदिरा सेवनबाट बानियाँको मृत्यु भएको विषयमा आफूहरुलाई फसाइएको उनीहरुले बयान दिएको बताइएको छ ।

# अज्ञात व्यक्तिद्वारा स्कुटरमा आगजनी

**ललितपुर/मस–** ललितपुर महानगरपालिका वडा नं १०, कुपण्डोल हाइटस्थित साता आकी पुस्तकालय पछाडि रोकिराखिएको रातो रङको प्रदेश ३-०२, ००८ प, २७६४ नंको स्कुटर आज दिउँसो अज्ञात व्यक्तिले जलाएको छ । आफ्नो ससुराको वार्षिक पुण्यतिथिको निम्ता दिन त्यस स्थानमा पुग्नुभएकी समिता मगियाको स्कुटर रोकेर गएको करिब २० मिनेटमा उक्त मोटरसाइकलमा आगो लगाइएको हो । मोटरसाइकलमा लगाइएको आगो स्थानीयको सहयोगमा नियन्त्रणमा लिएको प्रहरी निरीक्षक पूर्णिमा चन्दले जानकारी दिइन् ।

आगो लगाई भाग्ने अज्ञात व्यक्तिको खोजी गरी कडाभन्दा कडा कारवाही गरिने प्रहरी निरीक्षक चन्दले बताइन् । तीनदिनअघि त्यही स्थानमा रोकिराखिएको स्थानीय व्यक्तिको स्कुटरमा पनि चक्कुले सिट तथा अगाडिको भागमा काटिदिएको प्रहरी निरीक्षक चन्दले जानकारी दिइन् ।

# सेनाको स्वास्थ्य शिविरबाट पन्ध्र सय लाभान्वित

**कैलाली/मस-** भूपू सैनिक सम्मेलनको अवसर पारेर नेपाली सेनाले कैलालीको अत्तरियास्थित तेघरी ब्यारेकमा सञ्चालन गरेको तीन दिने निःशुल्क स्वास्थ्य शिविरमा एक हजार ५०० भन्दा बढीले स्वास्थ्य सेवा पाएका छन् ।



गत शुक्रबारदेखि शुरु भएको सो शिविरमा भूपू सैनिकका परिवारका सदस्यले स्वास्थ्य सेवा लिएको नेपाली सेनाले जनाएको छ । श्री नं २५ फिएका गुल्मपति उपसेनानी डा बबिता सिल्वालले स्वास्थ्य शिविरमा ८१५ पुरुष र ७०८ महिला गरी एक हजार ५२१ ले स्वास्थ्य सेवा लिएको जानकारी दिए ।

सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लाका भूपू सैनिक र तिनका परिवारका लागि मध्यनजर गर्दै आयोजना गरिएको शिविरमा वीरेन्द्र सैनिक अस्पताल, श्री नं २५ फिए र श्री नं ५ फिएका विशेषज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मीको टोली खटिएको थियो ।

शिविरमा सामान्य शल्यक्रिया, फिजियोथेरापी सेवा, हाडजोर्नी, र आँखा तथा दन्त सेवा उपलब्ध गराइएको थियो । शिविरमा पाठेघरको समस्या, मधुमेह, आँखा र कानका बिरामीको संख्या अधिक रहेको डा सिल्वालले जानकारी दिए ।

'आँखाका बिरामीका लागि चस्मासमेत उपलब्ध गराइएको छ,' उनले भने, 'अरु बिरामीका लागि औषधिसमेत निःशुल्क उपलब्ध गराइयो ।' भूपू सैनिकलाई लक्षित गरी स्वास्थ्य उपचार सेवाका साथै लघुवित्त कार्यक्रममा समेत सेनाको कल्याणकारी कोषमार्फत सुदूरपश्चिमका भूपू सैनिकलाई विभिन्न किसिमको ऋण लगानी समेत गरिएको छ । अवकाशपछि नागरिक जीवनमा आउने भूपूलाई आयमूलक व्यवसायमा अग्रसर गराउनसमेत सेना अग्रसर रहँदै आएको छ ।

# दुर्घटनामा दुईको मृत्यु

**सिरहा/मस–** सिरहाको नरहा गाउँपालिका-५ स्थित पानबारी चोकमा आइतबार यात्रुबाहक बसको ठक्करबाट मोटरसाइकलमा सवार दुईजनाको मृत्यु भएको छ । सिरहाबाट धरान जाँदै गरेको ना ४ ख ९२४१ नम्बरको यात्रुबाहक बसले सदरमुकाम सिरहातर्फ आउँदै गरेको लु १६ प ४४४१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार सिरहा नगरपालिका-३ निवासी ४५ वर्षीय शैलेन्द्र मण्डल र २९ वर्षीय अमन मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

जन्तीबाट घर फर्किंदै गरेको अवस्थामा दुर्घटनामा परी गम्भीर घाइते दुवैलाई उपचारको लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको प्रहरीको भनाइ छ ।

# रोकिएन लागूऔषध तस्करी

**सप्तरी/मस–** भारतबाट नेपालतर्फ भित्राउँदै गरेको ठूलो परिमाणको लागुऔषधसहित सप्तरीमा एक युवक पक्राउ परेका छन् । सप्तरीको खडक नगरपालिका-५ गरुराहाबाट अस्थायी प्रहरीपोष्ट खरचुहियाको टोलीले खडक नगरपालिका-५ रञ्जितपुर बस्ने २५ वर्षीय प्रभु चौधरीलाई लागुऔषधसहित पक्राउ गरेको प्रहरीले जनाएको छ ।

परीक्षण गर्ने क्रममा प्रहरी टोलीले उनको साथबाट २८८ वटा नाइट्रोभेट ट्याब्लेट, ११ एम्पुल लुपिजेसिक, ३० एम्पुल फेनारगन, ३१ एम्पुल डाइजेल्याब, २० एम्पुल नोफिन र छ थान सुई फेला पारेको छ ।

भारतबाट साइकलमा आइरहेका चौधरीमाथि शङ्का लागि परीक्षण गर्दा लागुऔषध बरामद भएपछि कारवाहीका लागि इलाका प्रहरी कार्यालय कडरबोना पठाइएको अस्थायी प्रहरी पोष्ट खरचुहियाका प्रहरी सहायक निरीक्षक क्रन्तिराज पौडेलले बताए । त्यसैगरी, सप्तरीमा सरकारी कागज कीर्तेको आरोपमा एक कर्मचारी पक्राउ परेका छन् । राजविराजस्थित मालपोत कार्यालयका खरिदार नवीन विश्वकर्मालाई सरकारी काज कीर्ते गरेको आरोपमा आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताए । सप्तरीको डाक्नेश्वरी नगरपालिका-९ बस्ने ७६ वर्षीय फुरन चौधरी थारुले विश्वकर्माविरुद्ध लिखित उजुरी दिएकाले पक्राउ गरिएको प्रनाउ भारतीले बताए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै हैन कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# प्रहरी छवि जोगाऔं !

सधैंझैं यसपटक पनि नयाँ प्रहरी महानिरीक्षक नियुक्तिको विषयले बजार तातेको छ । महानिरीक्षक सर्वेन्द्रनाथ खनालको पदावधि सकिने समाचारसँगै प्रहरी नेतृत्व कसले समाल्हालान् भन्ने विषय चासोको विषय बनेको छ । शान्ति सुरक्षा कायम गर्नुपर्ने प्रमुख जिम्मेवारी रहेको संस्थाको नेतृत्वबारे हुने चर्चा स्वभाविक हो । दैनिक जीवनसँग जोडिने संस्थामा हुने नेतृत्व परिवर्तनको विषयले सामाजिक वृत्त तातिंदा सामाजिक स्वीकारोक्ति पनि बढ्ने हुन्छ । तसर्थ, प्रहरी नेतृत्व परिवर्तन प्रहरी वृत्तको मात्रै नभएर सम्पूर्ण राज्य संरचनाकै चासोको विषय हो ।

तर, हाम्रोमा सामाजिक वृत्त भन्दा बढी राजनीतिक पंक्तिको ध्यान प्रहरी नेतृत्व परिवर्तनतर्फ जाने गरेको छ । त्यसैका कारण जबजब प्रहरी नेतृत्व परिवर्तनको समय हुन्छ, राजनीतिक पंक्तिको चासो र चिन्ता यसतर्फ तानिएको देखिन्छ । विशेषगरी स्वार्थ समुहले यसतर्फ बढी चासो देखाउने गरेको छ । कतिपयले प्रहरी महानिरीक्षक चयनलाई पपुलिज्म (लोक रिझ्याई) सँग जोडेर टिप्पणी गर्ने गरेको पाइन्छ । यस्तो टिप्पणी हुनुको पछाडि भने प्रहरी नेतृत्वमा दावी गर्नेहरूले नै विभिन्न माध्यमबाट गर्ने प्रचारबाजी र राजनीतिक लबिङले भूमिका खेलेको छ ।

प्रहरी अफिसरहरू नै आफ्नो संगठनको मूल्यमान्यता भन्दा बढी राजनीतिक लबिङतर्फ लाग्दा लोकरिझ्याइका आधारमा प्रहरी नेतृत्व चयन हुने गरेको टिप्पणीलाई बल पुग्छ । तर, यसरी प्रहरी नेतृत्व चयन हुँदा संगठनमा अनावश्यक हस्तक्षेप त निम्तने छदैछ, सँगै सामाजिक सुशासन र कानून कार्यान्वयनमा भने समस्या उत्पन्न हुने संभावना हुन्छ । विगतमा यस्ता गतिविधि देखिएका पनि छन् । प्रहरी नेतृत्व आफ्नै संगठनको मूल्यमान्यता र निर्णय प्रक्रियाबाट नभई राजनीतिक हस्तक्षेपबाट भएको भन्दै शीर्ष तहमा पुगेका प्रहरी अधिकारीहरूले राजनीमा दिएका छन् । कतिपयले राजीनामा लगत्तै कुनै दलको चुनाव चिन्ह लिएर मैदानमा खडा हुने समेत देखिएको छ ।

यसको अर्थ प्रहरी नेतृत्व मूल्यमान्यता र कार्य सम्पादन भन्दा पनि बाहिरी लबिङ र प्रचारबाजीबाट हुने प्रवृत्ति नरोक्ने हो भने समाजमा प्रहरीप्रतिको स्वीकार्यता कमजोर भएर जाने संभावना हुन्छ । स्वयम् प्रहरी संगठनभित्रै पनि असन्तुष्टि पैदा हुँदा राज्यले ठूलो लगानी गरेका प्रहरी अधिकारीहरूले समय अवधि नपुग्दै राजीनामा बुझाउँदा क्षति भने देशले भोग्नुपर्ने हुन्छ । तसर्थ, प्रहरी नेतृत्व सँगै बढुवा जस्ता विषयमा अनावश्यक हस्तक्षेप निम्त्याउनेगरी प्रहरी अधिकारीहरूले लबिङ र प्रचारबाजी गर्नु उचित हुन्न । बरू, प्रहरीको छवि फेरि पनि समाजमा बलियोगरी स्थापित गर्न सहयोग पुग्नेछ ।

## सामाजिक सञ्जाल




सुनको जुत्ता लगाएर अरूले डोराएको बाटो हिड्नु भन्दा, खाली खुट्टा आफूले रोजेको बाटो हिड्नुको मज्जा नै बेग्लै हुन्छ ।

-रविना



हाम्रो विकासको सोच, नीति, योजना र कार्यान्वयन पद्धति 'कच्चि बाटोको बयलगाडा' जस्तो छ । बयलगाडा तान्ने गोरूलाई जति सुकै छडि लगाए पनि बयलगाडाको स्पिड मोटरको जस्तो हुँदैन ।

- डा सूर्यराज आचार्य



आफ्नो पसिना बगाएर बालुवाटारको घडेरी ५० हजार आनामा किन्न सफल र अहिले कम्तिमा ५–६ करोड पर्ने जग्गा शनिबारको दिन केही दुःख नमानी हाँसी हाँसी सरकारीकरण गरिदिनु हुने विष्णु कमरेड महान हुनुहुन्छ । सर्वहारा कमरेडलाई लाल सलाम भन्न् चाहन्छु । जने

- रामहरण महत



ललिता निवास काण्ड र कांग्रेसको आन्दोलनः भ्रष्टाचारको अभियोग लागेका कांग्रेस नेता गच्छेदारले न्यायका लागि न्यायिक प्रकृयाबाटै अघि बढ्नु हुनेछ । कांग्रेसको आन्दोलन उहाँलाई जोगाउन नभै प्रमाणहरूले नै भ्रष्टाचारी पुष्टि गर्ने ठूला भ्रष्टहरूलाई चोख्याउने अदुअआको निर्णयको बिरूद्धमा हो ।


- धनराज गुरूङ

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# नेकपा केन्द्रीय कमिटी बैठकका उपलब्धि



■ प्रेमलकुमार खनाल

> पार्टी एकतापछि बसेका पार्टी कमिटीको विधानअनुसार बैठक बस्न नसकेको, बैठक बसे पनि नीति, विधि र विधानअनुसार संस्थागत ढंगले निर्णय नभएको र पार्टीको नीतिविपरीत बैठक भेलाको आयोजना गर्ने काम भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को पार्टी एकता पछि झन्डै २१ महिनासम्म बैठक बस्न सकेको थिएन । यसले गर्दा सिंगो पार्टी पंक्तिमा एक किसिमको अन्योलता उत्पन्न भएको थियो । बैठक नै ढिलाइ भएका कारण तीनवटै तहका सरकार सुव्यवस्थित तवरले सञ्चालन गर्न र पार्टीका नीति, विचारअनुरूप कार्यक्रम बनाएर लागू गर्न भइरहेको ढिलाइले नेतृत्वप्रति आलोचना भइरहेको घडीमा ढिलै भए पनि नेकपा केन्द्रीय कमिटीको बैठक आयोजना भयो ।

बैठक एकदमै व्यवस्थित, हार्दिक र जनवादी वातावरणमा सञ्चालन भई विस्तृत रूपमा छलफल भयो । अध्यक्षद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन, महासचिवद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन र विधान संशोधन प्रस्ताव उपर १५ समूह बनाएर व्यापक छलफल भयो ।

छलफलका क्रममा आधारभूत तहका जनताले भोगिरहेका समस्यादेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय महत्वका विषय, राष्ट्रियतासँग जल्दोबल्दो रूपमा गाँसिएको सीमा सुरक्षा, नागरिकता, मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी)जस्ता विषयदेखि पार्टीको कार्यनीतिक कार्य दिशा, नेपाली मोडेलको समाजवादका बारेमा, व्यापक रूपमा छलफल भएको छ । यस्तै पार्टीलाई विधि र पद्धतिबाट सञ्चालन गर्ने बारे, राष्ट्रव्यापी रूपमा पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने बारे, भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्ने बारे, सांस्कृतिक रूपान्तरणका साथै पार्टीभित्र मूल्यांकन पद्धतिलाई स्थापित गर्ने बारे व्यापक छलफल गरी ठोस निष्कर्ष निकालिएको छ ।

**अन्तर्राष्ट्रिय परिस्थिति र साम्राज्यवाद विरोधी आन्दोलन बारे**

बैठकमा वर्तमानविश्व परिस्थिति अनेकौं परिवर्तन, प्रतिस्पर्धा, द्वन्द्व र समीकरणको प्रक्रियाबाट गुज्रिरहेको विषयमा छलफल भएको छ । खासगरी अमेरिकी साम्राज्यवाद र नाटो समर्थित राष्ट्रले विश्वमा सञ्चालन गरिरहेको युद्ध, हत्या, हिंसाले विश्वमा एक किसिमको आतंक सिर्जना गरेको छ । सँगसँगै पारमाणविक सशास्त्रको होडबाजी र विस्तारले अर्को चुनौती खडा गरेको छ । पश्चिमेली राष्ट्रको सैनिक गठबन्धनलाई पुनः नयाँ ढंगले साझेदारी रणनीतिबाट शक्तिशाली बनाउने साम्राज्यवादीको चालबाजी रहेको बारे व्यापक रूपमा छलफल भएको छ ।

यस्तै, बैठकमा विश्वपुँजीवाद र नवउदारवादी भूमण्डलीय पुँजीवादीले सिर्जना गरेको समस्या, खासगरी सीमित व्यक्तिको हातमा असिमित पुँजीको केन्द्रीकरण, उत्पादन र रोजगारी बृद्धि र वस्तु निर्यात भन्दा पुँजी निर्यात गरेर तेस्रो विश्वका मुलुकमा नवऔपनिवेसिक शोषण र उत्पीडन मेरो रहेको, जनतामा जातीय, क्षेत्रीय र धार्मिक साम्प्रदायिक विद्वेष फैलाएर द्वन्द्व सिर्जना गरी राष्ट्रिय एकता र स्वाधीनतालाई समाप्त पार्ने दिशा वित्तीय एकाधिकार पुँजीवादी विषयमा बैठकमा छलफल भएको छ ।

यसरी साम्राज्यवाद वित्तीय एकाधिकार पुँजीवादी र नवउदारवादले सिर्जना गरेको हत्या, हिंसा, संकट, द्वन्द्व र शोषणविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन र समाजवादी आन्दोलन पनि सँगसँगै अगाडि बढिरहेको घटनाले विश्व साम्राज्यवाद, एकाधिकारवाद, नवउदारवादको शोषण र उत्पीडनविरुद्ध उत्पीडित राष्ट्रका जनताको अन्तर्विरोध तीव्र रूपमा प्रकट भइरहेको छ ।

राष्ट्रिय परिस्थितिः २०६२/०६३ को जनक्रान्तिबाट मुलुकमा युगान्तकारी परिवर्तन भई संघीय राज्य निर्माण हुनु, संघ प्रदेश र स्थानीय तहमा निर्वाचन भई झन्डै दुई तिहाइको जनमतका साथ कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार गठन हुनु र सरकारबाट समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य र आकांक्षालाई अगाडि सार्ने कार्य यतिखेर राष्ट्रिय राजनीतिको विशेषता रहेको छ । संविधानमा नै समाजवादको आधार निर्माण गर्ने लक्ष्य किटानी गरिएको सन्दर्भमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सामाजीक न्याय र समृद्धिसहित समाजवादको आधार निर्माणका लागि ऐतिहासिक अवसर प्राप्त भएको छ ।

कम्युनिस्ट पार्टीले जुन ऐतिहासिक अवसर प्राप्त भएको छ, सँगसँगै चुनौती पनि विद्यमान छन् । यतिखेर सामन्ती प्रतिगामी र पुनरुत्थानवादी शक्तिले अस्थिरता र अन्योलता सृर्जना गरिरहेका छन् र जनताबाट निर्वाचित सरकार प्रति अधिनायकवादीको लान्छना लगाएर अनेक भ्रम र षड्यन्त्र गरिरहेका छन् । वास्तवमा क्रान्तिपछि पराजित वर्गले वर्षौंसम्म प्रतिक्रान्तिको प्रयास गरिरहेका हुन्छन् यस्तो स्थितिमा त्यस्तो प्रवृति र शक्तिका विरुद्ध आमूल पविर्तनवादी शक्तिले आफ्नो एकता सजकता, सक्रियता, समर्पण त्याग बढाएर लानुपर्छ । जनताको अपेक्षाअनुरूप सुशासन कायम गर्ने, विकास र जनसेवामा समर्पित भई प्रतिक्रियावादीका षड्यन्त्रलाई परास्त गर्नु आजको राष्ट्रिय राजनीतिको आवश्यकता बनेको छ । खासगरी लोकतन्त्रलाई सुदृढ र सवल बनाउने, शान्ति र स्थिरता कायम गरेर लोकतान्त्रिक एवं अग्रगामी सोच, चिन्तन र कार्यक्रमका साथ आर्थिक सामाजिक रूपान्तरण अगुवा सावित गर्नुपर्ने भएको छ । यसो गर्दा मात्र राष्ट्रिय राजनीतिलाई सकारात्मक, अग्रगामी र क्रान्तिकारी दिशामा अगाडि बढाउन सकिने निष्कर्ष निकालिएको छ ।

**दलाल नोकर शाही पुजीवादविरुद्ध संघर्ष गर्दै राष्ट्रिय पुजी निर्माण गर्ने**

यतिखेर मुलुकको अर्थ राजनीतिमा दलाल नोकर शाही पुँजीवाद हाबी भएको छ । राताारात कर छली गरेर पैसा बनाउने र यस्तो पुँजी उत्पादन र रोजगारी विस्तारतर्फ भन्दा आयात व्यापार गर्ने, विलाशितामा खर्च गर्ने, कार्य गरेर राष्ट्रिय पुँजी निर्माणमा अवरुद्ध गर्ने कार्य भएको छ । यस्तो स्थितिको अन्त्य गरेर राष्ट्रिय वचतलाई प्रोत्साहित गरेर राष्ट्रिय पुँजी निर्माण गरी उत्पादन र रोजगारीतर्फ राष्ट्रिय पुँजीलाई केन्द्रित गर्नुपर्छ । यसका साथै राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्न आवश्यकता भएको छ ।

**चीनको बीआर आई र एमसीसी**

चीनले विश्वव्यापी रूपमा कनेक्टिभिटी शान्ति र आर्थिक सहयोगको बृहत् साझेदारी रणनीतिअन्तर्गत सन् २०१३ देखि अगाडि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) मा नेपालले हस्ताक्षर गरेको छ । यता अमेरिकाको इन्डोप्यासिफिक रणनीति (आईपीएस)लाई सहयोग पुग्नेगरी मिलिनियम च्यालेन्ज कर्पोरेसनअन्तर्गतको मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) ले नेपालको राष्ट्रिय हित, सुरक्षा, सार्वभौमिकताका साथै नेपालले बीआरआईमा हस्ताक्षर गरिसकेको सन्दर्भमा बीआरआईलाई पार्ने असरका बारेमा विस्तृत ढंगले अध्ययन, विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपूर्व प्रधानमन्त्री तथा वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन भएको छ । विकास सहयोग वा अनुदानका नाममा नेपालको विकासको प्राथमिकता, नेपालको राष्ट्रियता र सुरक्षा, नेपाल असंलग्न राष्ट्रको सदस्य भई असंलग्न परराष्ट्र नीति अवलम्बन गरेको स्थितिमा एमसीसीमा उल्लेखित सम्झौताका बारेमा अमेरिकी सरकारसँग वार्ता छलफल गरेर सम्झौताका बुँदा सुधार गरेर मात्र एमसीसीलाई स्वीकार गर्नुपर्ने बैठकको जोड रहेको छ ।

**पार्टीको कार्यनीतिक कार्य दिशाबारे**

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी गठन भएको छ । दुई पार्टीले अवलम्बन गर्दै आएको जनताको बहुदलीय जनवाद र एक्काइसौं शताब्दीको जनवादलाई पार्टी एकताका सन्दर्भमा तयार गरिएको समाजवादउन्मूख जनताको जनवादलाई कार्यनीतिक कार्यदिशा तय गरेको छ । बैठकमा नेपालमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेको सन्दर्भमा अब क्रान्तिको दोस्रो चरणअन्तर्गत समाजवादी क्रान्तिका बारेमा पनि समूहमा छलफल भएको थियो तर, राष्ट्रिय महाधिवेशनकै घोषणा भएको सन्दर्भमा समाजवादी क्रान्तिका बारेमा विस्तृत छलफल बहस गरी उपयुक्त निष्कर्ष निकाल्ने बैठकले निर्णय गरेको छ ।

सरकारको कार्यलाई प्रभावकारी बनाउने : संघ प्रदेश र स्थानीय तहका सरकारलाई पार्टीको नीति र कार्यक्रमका साथ प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने र यसका लागि तीनवटै तहमा पार्टीको संयन्त्र बनाएर सरकारका कार्यको समन्वय, अनुगमन गर्नुपर्दछ । जनप्रतिनिधिको कार्यमा पनि आवधिक रूपमा मूल्यांकन गर्ने विधिको विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

**पार्टी एकताको कार्य सम्पन्न गरी राष्ट्रिय महाधिवेशन गर्ने बारे**

पार्टी एकताभएको २१ महिना भए पनि अझै पनि केन्द्रीय निकाय, विभाग कमिटी र जनवर्गीय संगठनको एकता र एकीकरणको कार्य सम्पन्न हुन सकेको छैन । अब १५ दिनभित्र सम्बन्धित कमिटीको बैठक बसेर एकता र एकीकरणको कार्यलाई सम्पन्न गरिसक्ने निर्णय भएको छ र आगामी २०७७ को चैत्रको अन्तिम सातामा एकता राष्ट्रिय महाधिवेशन गर्ने र सो अगावै स्थानीय तह जिल्ला र प्रदेशको अधिवेशन गरिसक्ने निर्णय भएको छ ।

**पार्टीलाई नीति तथा विधिबाट सञ्चालन गर्ने बारे**

